# स्थल सीमा नाकामा रहेका हेल्थ डेस्कहरुबाट तथ्यांक संकलन फारम

# Ground Crossing Health desk data collection format

(२०७८ अषाढ १)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

## स्थल सीमा नाकामा रहेका हेल्थ डेस्कहरुबाट तथ्यांक संकलन फारम

## (Ground Crossing Health desk data collection format)

**पृष्ठभुमि :** अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली (International Health Regulations 2005; IHR-2005) को नेपाल पक्ष राष्ट्र हो र सो अन्तर्गत अन्तर्राष्ट्रिय सीमा नाकाहरुमा स्वास्थ्य संबन्धि कार्य गर्न स्वास्थ्य संस्था (Health Desk) तथा दक्ष जनशक्तिहरुको व्यवस्था हुनु पर्ने उल्लेख छ I कोभिड-१९ को विश्वव्यापी महामारीले नाकाहरुमा सबै यात्रुहरुको सहज रुपमा आवागमन, स्वास्थ्य सम्बन्धी जाँचका साथै कोभिड-१९ पुस्टि भएको व्यक्तिहरुको उचित व्यवस्थापन हुन पर्ने कुरा लाई थप जोड दिएको छ I नेपाल सरकारले आधिकारिक रुपमा हाल भारतसंग सिमा जोडिएका १३ स्थानका नाकाहरु खुला गरेको छ I ति हेल्थ डेस्कहरुमा यात्रुहरुको सामान्य जानकारी र परिक्षण नतिजा अभिलेखीकरण गर्न यो फारमको खाका तयार गरिएको छ I यस फारमले स्थल नाकाहरुबाट नेपाल भित्रिने यात्रुहरुको तथ्यांक अभिलेखीकरण तथा रिपोर्टिंगलाई व्यवस्थित र एकरुपता प्रदान गर्नेछ I

**स्थल सीमा नाकामा रहेका हेल्थ डेस्कहरुमा तथ्यांक संकलनको औचित्य र प्रयोग :**

नेपाल सरकारको निर्णय अनुसार , कोभिड -१९ को पहिचान, नियन्त्रण र रोकथामको लागि सबै नागरिकको स्वास्थ्य सम्बन्धि तथ्यांक Information Management Unit (IMU) द्वारा संकलन गर्ने भनिएको छ I यसरी संकलित तथ्यांक महामारीजन्य रोगको तुरुन्त पहिचान गर्ने र रोकथामको योजना बनाउन प्रयोग हुनेछ I सरकारद्वारा तोकिएका सबै स्थल नाकाका हेल्थ डेस्कहरुमा संकलित तथ्यांक पनि IMU मा प्रविष्ट गर्नु पर्ने देखिन्छ I

**POE फारम को उदेश्य :**

विदेशबाट स्थल नाकाहरु हुदै नेपाल आउने नागरिकको स्वास्थ्य जानकारी संकलन गर्ने र महामारीजन्य रोगको समयमै पहिचान र प्रक्षेपण गर्ने I

**POE फारम भर्ने तरिका :**

यो कार्य तीन तरीकाले गर्न सकिनेछ :

क. यात्रु आफैले फारम लिई भर्न सक्नेछन र भरेको फारम हेल्थ डेस्कका कर्मचारीहरुलाई बुझाउन सक्नेछन

ख .यात्रुले लेखपढ गर्न वा अन्य कुनै कारणले फारम भर्न नसक्ने भएमा हेल्थ डेस्कमा खटिएका कर्मचारीहरुले फारम भर्न सहयोग गर्नु पर्नेछ

ग. कुनै यात्रुले चाहेमा आधिकारिक website http://www.edcd.gov.np/resources?type=tools मा गई फारम डाउनलोड गरी भरेर ल्याउन सक्ने छन् ,यसरी भरिएको फारम सम्बन्धीत सीमा नाकामा रहेको हेल्थ डेस्कमा बुझाउनु पर्नेछ

यसरी भरिएका फारमहरू सम्बन्धीत हेल्थ डेस्कका कर्मचारीले २४ घण्टा भित्र अनिवार्य रुपमा IMU मा प्रविष्ट गर्नुपर्ने छ I

यो फारम दैनिक कामको शिलशिलामा सीमा वारपार गर्ने यात्रुहरुको लागि प्रयोग गर्नु हुदैन

**नियमन इकाई , तथ्यांकको सुरक्षा र गोपनियता :**

तथ्यांकको गोपनियता र दैनिक नियमन गर्ने इकाई ईपिडेमिओलोजी तथा रोग नियण्त्रण महाशाखा (EDCD) हुने छ र सो कार्यको सहजीकरण एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन शाखा (IHMIS) ले गर्नेछ I

सीमा नाका भएका सम्बन्धीत पालिका र प्रदेशलाई पनि सूचना व्यवस्थापनको पहुँच हुनेछ। उक्त सूचना व्यवस्थापनको पहुँच भएका सम्बन्धीत निकायहरुले सूचना व्यबस्थापनमा आवस्यक भूमिका निर्वाह गर्नु पर्नेछ।

**फारमको बिवरण :**

| शिर्षक | बिवरण |
|---|---|
| आगमन मिति | यात्री नेपाल भित्र प्रवेश गरेको मिति ( ग /म /सा ) ( बि.सं / ई .सं ) |
| प्रबेश नाकाको नाम | प्रवेश गरेको सम्बन्धीत नाकाको नाम |
| **व्यक्तिगत विवरण** | |
| नाम | विदेशबाट अएको यात्रीको नागरिता/ राहदानीमा भएको पहिलो नाम |
| थर | विदेशबाट अएको यात्रीको नागरिता/ राहदानीमा भएको थर |
| उमेर | विदेशबाट आएको यात्रीको नागरिता/ राहदानीमा भएको उमेर (वर्षमा)<br>एक वर्ष मुनिको बच्चा छ भने महिनामा लेख्नुपर्ने छ<br>महिना नपुगेको शिशुको हकमा दिनमा लेख्नु पर्नेछ |
| लिङ्ग | महिला, पुरुष वा अन्य लेख्नु पर्नेछ |
| पेशा | विदेशबाट आएको यात्रिको हालको पेसा यस खण्डमा उल्लेख गर्नु पर्नेछ |
| नागरिकता | विदेशबाट आएको यात्रि कुन देशको नागरिक हो सो उल्लेख गर्नु पर्नेछ |
| राहदानी / नागरिकता नं. | विदेशबाट आएको यात्रीको राहदानी /नागरिकता नं. यस खण्डमा उल्लेख गर्नु पर्नेछ |
| **यात्राको विवरण** | |
| बाट | भारत, चिन वा अन्य कुन देश तथा सो देशको कुन सहरबाट यात्रा शुरु गरेको हो उल्लेख गर्नु पर्नेछ |
| सम्म | नेपाल भित्रिएपछि जाने गन्तव्य उल्लेख गर्नु पर्नेछ। |
| **नेपाल फर्केपछि रहने स्थान:** | |
| प्रदेश, जिल्ला, न.पा.गा/.पा., वडा नं ,गाँउ, टोल | नेपालमा बस्ने प्रदेश, जिल्ला, न/.पा. गापा., वडा नं , गाँउ टोल, को विवरण यस खण्ड मा उल्लेख गर्नु पर्नेछ |
| **सम्पर्क विवरण (नेपालमा सम्पर्क (आफ्नो मो / टेलिफोन नं.)** | |
| नेपालमा सम्पर्क (आफ्नो मो / टेलिफोन नं.) | नेपाल फर्केपछि प्रयोग गरिने आफ्नो मोबाइल वा सम्पर्क गर्न सक्ने टेलिफोन नम्बर यस खण्ड मा उल्लेख गर्नु पर्नेछ |
| नजिकको सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं. | नेपाल फर्केपछि संबन्धीत यात्रुको मोबाइल वा सम्पर्क गर्न सक्ने टेलिफोन नम्बर नभएको खण्डमा सम्पर्क गर्न सकिने आफ्नो नजिकको व्यक्तिको नाम थर र निजको सम्पर्क नम्बर (मो./टेलिफोन न.) उल्लेख गर्नु पर्नेछ |
| सम्बन्ध | नेपाल फर्केपछि संबन्धीत यात्रुको मोबाइल वा सम्पर्क गर्न सक्ने टेलिफोन नम्बर नभएको खण्डमा सम्पर्क गर्न सकिने आफ्नो नजिकको व्यक्तिसंगको सम्बन्ध उल्लेख गर्नु पर्नेछ |
| **स्वास्थ्य विवरण** | |
| कोभिड१९- को लक्षण छ वा छैन | कोभिड१९- को लक्षण छ वा छैन, यस खण्ड मा चिन्ह लगाउनु पर्नेछ |
| तापक्रम | नाकामा जांच गर्दा पाइएको तापक्रम (C/F) उल्लेख गर्नु पर्नेछ |
| ज्वरो (38˚C/100.4˚F) भन्दा बढि तापक्रम) छ कि छैन | यात्रुको तापक्रम मापन गर्दा ज्वरो (38˚C/100.4˚ F भन्दा बढि तापक्रम) छ कि छैन भनेर यस खण्डमा चिन्ह लाउनु पर्नेछ |

| | |
|---|---|
| कोभिड-१९ का अन्य लक्षण छ कि छैन | यात्रुमा ज्वरो बाहेक कोभिड-१९ का अन्य लक्षण छ कि छैन यस खण्डमा चिन्ह् लाउनु पर्नेछ । कोभिड -१९ का अन्य लक्षणहरु भन्नाले : स्वास फेर्न गार्हो हुनु, खोकी लाग्नु, अत्यधिक थकान महशुस हुनु , शरीर दुख्नु , स्वाद वा गन्ध ह्राउनु , पखाला लाग्नु आदि बुझ्नु पर्दछ । |
| ज्वरो भएमा कोभिड-१९ को परीक्षण गरेको छ कि छैन र परीक्षणको नतिजा | यात्रुमा ज्वरो भएमा कोभिड १९ को परीक्षण, Antigen किटद्वारा गरिएको छ कि छैन यस खण्डमा चिन्ह् लाउनु पर्छ र परीक्षणको नतिजा ( पोजेटिभ वा नेगेटिभ ) मा चिन्ह् लगाउनु पर्दछ |
| ज्वरो भएमा औलोको परीक्षण गरेको छ कि छैन र परीक्षणको नतिजा | यात्रुमा ज्वरो भएमा औलोको परीक्षण किटद्वारा गरिएको छ कि छैन यस खण्डमा चिन्ह् लगाउनु पर्दछ र परीक्षणको नतिजा (पोजेटिभ वा नेगेटिभ) मा चिन्ह् लाउनु पर्नेछ |
| दीर्घ रोगको जानकारी भएमा रोगको नाम | यात्रुमा कुनै दीर्घ रोग छ भने उक्त रोगको जानकारी यस खण्डमा उलेख गर्नुपर्नेछ। दीर्घ रोग भन्नाले (Diabetes, Hypertension, Kidney disease, Cancer, heart disease, neurological condition, etc) बुझ्नु पर्दछ |
| **खोपको विवरण** | |
| कोभिड-१९ बिरुद्धको खोप लिनु भएको छ वा छैन | यात्रुले कोभिड-१९ बिरुद्धको खोप लिएको छ वा छैन भनि यस खण्ड मा उल्लेख गर्नु पर्नेछ |
| खोपको मात्रा पुरा गरेको छ वा छैन | यात्रुले कोभिड-१९ बिरुद्धको खोपको मात्रा पुरा गरेको छ वा छैन भनि यस खण्ड मा चिन्ह् लाउनु पर्नेछ |
| लिएको खोपको मात्रा (एक, दुई) | यात्रुले कोभिड-१९ बिरुद्धको खोपको मात्रा एक वा दुई पटक लगाएको हो यस खण्डमा चिन्ह लाउनु पर्नेछ |
| खोपको नाम | यात्रुले कोभिड-१९ बिरुद्ध लगाएको खोपको नाम यस खण्डमा चिन्ह् लाउनु पर्नेछ (जस्तै Vero cell, Covi-shield, Covaxcin, SPUTNIK, Pfizer, अन्य ) , खोपको प्रकार समयानुसार थपिदै जान सक्नेछ |
| खोपको कार्ड छ कि छैन | यात्रीसंग कोभिड-१९ बिरुद्ध लगाएको खोपको कार्ड जाँच गरि छ वा छैन भनि यस खण्ड मा चिन्ह् लाउनु पर्नेछ |
| विवरण भर्ने वा रुजु गर्ने स्वास्थ्यकर्मीको नाम र पद | स्वास्थ्यकर्मीले फारम भरेको हकमा स्वास्थ्यकर्मीको नाम र पद यस खण्डमा उलेख गर्नुपर्ने छ यात्रु स्वयले फारम भरेको खण्डमा यात्रुद्वारा भरिएको फारम रुजु गर्ने स्वास्थ्यकर्मीको नाम उल्लेख गर्नु पर्नेछ |

परिमार्जित सम्स्करण १. १

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य सेवा बिभाग**
**ईपिडेमिओलोजी तथा रोग नियण्त्रण महाशाखा**

**स्थल नाकाबाट नेपाल भित्रिने मानिसहरुको विवरण**
**Point of Entry (POE) Recording Form**

आगमन मिति ____ प्रबेश नाकाको नाम ____

**व्यक्तिगत विवरण**

नाम ____ थर ____ उमेर ____ लिङ्ग ____

पेशा ____ नागरिक ____ राहदानी/नागरिकता नं. ____

**यात्राको विवरण**

बाट ____ 

सम्म ____

मिति ____

**नेपाल फर्केपछि रहने स्थान:** **प्रदेश** ____ **न.पा./गा.पा.** ____ **जिल्ला** ____ **वडा नं.** ____ **गाँउ टोल** ____

**सम्पर्क विवरण**

नेपालमा सम्पर्क (आफ्नो (मो/टेलिफोन नं.) ____ नजिकको सम्पर्क व्यक्तिको नामथर ____

सम्पर्क नं. ____ सम्बन्ध ____

**स्वास्थ्य विवरण**

कोभिड-१९ को लक्ष्यण छ ____ छैन ____

Measure body temperature ____ °C ____ F

ज्वरो (38˚ C/100.4˚ F भन्दा बढि तापक्रम) छ ____ छैन ____ अन्य कोभिड-१९ को लक्षण ____

कोभिड-१९ को परीक्षण गरेको छ ____ छैन ____ परीक्षणको नतिजा ____ नेगेटिव ____ पोजीटिव ____ रेफेर गरेको संस्थाको नाम ____

ज्वरो भएमा औलोको परीक्षण गरेको छ ____ छैन ____ परीक्षणको नतिजा ____ नेगेटिव ____ पोजीटिव ____

दिर्घ रोगको जानकारी भएमा रोगको नाम ____

**खोपको विवरण**

कोभिड-१९ बिरुद्धको खोप लिनु भएको छ छ ____ छैन ____ खोप कार्ड छ ____ छैन ____

खोपको मात्रा पुरा गरेको छ ____ छैन ____

लिएको खोपको मात्रा एक ____ दुई ____ लिएको छैन ____ खोपको नाम ____

विवरण भर्ने स्वास्थ्यकर्मीको **नाम** ____

**पद** ____